# चिया–कफी
# TEA-COFFEE



## स्मारिका २०७१

प्रकाशक

## राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं

**National Tea & Coffee Development Board**

# चिया खेतीका केही तस्वीरहरु










# चिया - कफी
# TEA - COFFEE

राष्ट्रिय चिया तथा कफी विकास बोर्डद्वारा प्रकाशित

# स्मारिका
## (राष्ट्रिय चिया दिवस)
## २०७१

सम्पादन तथा प्रकाशन
**NATIONAL TEA AND COFFEE DEVELOPMENT BOARD**
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, पो.ब.नं.: ९६८३, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४४९५७९२, ४४९९७८६
फ्याक्स: ४४९७९४१
ई-मेल: ntcdboard@wlink.com.np
वेभ-साईट: www.teacoffee.gov.np

नेपाल
शुभकामना

**हरि प्रसाद पराजुली**
कृषि विकास मन्त्री

बैशाख १५ गते राष्ट्रिय चिया दिवसको सन्दर्भमा राष्ट्रिय चिया तथा कफी विकास वोर्डबाट **चिया-कफी** नामक स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त हर्षवोध भएको छ ।

राष्ट्रको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान उल्लेख हुनु र निर्यात मुखी कृषि जन्य बस्तुहरु मध्ये प्रमुख नगदेवालीका रुपमा विकसित हुँदै आएको चिया र कफी खेतीको विस्तारले कृषिको व्यवसायीकरणमा आकर्षण पैदा गरिरहेको छ । यस्तो परिवेशमा यसलाई अझ बढी विकशित गर्नु आजको आवश्यकता बनेको छ ।

झण्डै ५० वर्ष पहिले नेपालमा प्रवेश गरेको चिया खेतीले ५ दशक यताबाट व्यवसायीक रुप लिएको छ । जसको कारण राष्ट्रिय आवश्यकतामा आत्मनिर्भरता हासील भएको छ र निर्यातको क्षेत्रमा पनि निरन्तर प्रगतिको पथमा अगाडी बढिरहेको छ । यसका साथै विदेशी मुद्रा आर्जन गरी आर्थिक विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने अवस्था सिर्जित भैरहेको छ ।

यसै गरी करीब ७० वर्ष अगाडी गुल्मी जिल्लाबाट प्रवेश गरेको कफीले व्यवसायीक रुप लिएको करीब २ दशक जति मात्र भएको छ । नेपालमा उत्पादीत कफी ५५ प्रतिशत सम्म निर्यात हुने गरेको मैले बुझेको छु । यो अतिनै राम्रो कार्य भएको छ । यसको विकास विस्तारका लागि नेपाल सरकार वोर्ड सधै अग्रसर रहने छ । विकास क्रममा भएका कमी कमजोरीलाई पहिल्याई सो को निराकरण गरी अझ प्रभावकारी रुपमा अघि बढ्न यस क्षेत्रमा संलग्न सबैलाई यस स्मारिकाले अभिप्रेरित गर्न सकोस, निरन्तरता पाओस ।

अन्तमा, १७ औं राष्ट्रिय चिया दिवस २०७१ को हार्दिक सफलताको लागि शुभकामना ।

मिति २०७१ बैशाख १०

हरि प्रसाद पराजुली
मन्त्री

निजी सचिवालय सिंदरबार, काठमाडौं फोन नं. : ४२११९२९, फ्याक्स : ४२११९३५

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

(राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ अन्तर्गत स्थापित)

केन्द्रीय कार्यालय
पो.ब.नं. ९६८३ काठमाडौं, नेपाल

फोन नं. : ४४९५७९२, ४४९९७८६
फ्याक्स : ४४९७९४१
ई–मेल : ntcdboard@wlink.com.np
वेब साईट : teacoffee.gov.np


पत्र संख्याः
च.नं.

## दुई शव्द

१७ औ राष्ट्रिय चिया दिवसको शुभ अवसर पारेर राष्ट्रिय चिया तथा कफी विकास वोर्डबाट चिया र कफीसंग सम्बन्धित लेख रचना र तथ्यांकहरु समावेश गरी प्रकाशन हुन लागिरहेको स्मारिकाले सम्बन्धित क्षेत्रको किसान उद्योगी तथा व्यवसायीहरुलाई थप सन्देश प्रदानको साथै उपयोगी हुने मैले विश्वास लिएको छु ।

देश विकासमा टेवा पुर्‍याउन र वेरोगजारीको समस्यालाई केही हदसम्म कम गर्नको लागि नेपालको खाली रहेका पहाडी भुभागहरुमा चिया तथा कफीको थप विस्तार गर्न वोर्डले उच्च प्राथमिकताका साथ कार्यक्रमहरु अगाडी बढाईरहेको छ । आगामी दिनमा चिया तथा कफीको विंस्तारको लागि थप जिल्लाहरुमा थप विस्तार योजनाहरु स्थापना गर्न आवश्यक भएको महशुस गरिरहेका छौं ।

आज नेपालमा उत्पादीत चिया तथा कफी विश्वका विभिन्न देशमा निर्यात हुने क्रम बढी रहेको छ । अर्गानिक चिया उत्पादनलाई प्राथमिकता दिई चिया निर्यातलाई बृद्धि गर्न अर्गानिक सर्टिफिकेशन सहितको अन्य प्रभावशाली कार्यक्रम संचालन गर्नुपर्ने र विभिन्न देशमा माग भएअनुसार कफी निर्यात गर्न नसकेको अवस्थाले कफी उत्पादनमा बृद्धिको लागि कफीको क्षेत्र विस्तार सहित अन्य आकर्षक कार्यक्रम संचालन गर्न राज्यले थप सहयोग गर्नुपर्ने पनि वोर्डले महशुस गरी सम्बन्धित क्षेत्रको ध्यान आकर्षण गर्न वोर्ड लागि परीरहेको छ ।

अन्तमा स्मारीका प्रकाशन कार्यमा उत्साहका साथ मेहेनत एवं परीश्रम गर्ने र लेख तथा प्रकाशनमा सहयोग पुर्‍याउने सम्पूर्ण कर्मचारी एवं सहयोगी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । नयां वर्षको प्रारम्भमा हुन लागिरहेको चिया दिवसको सुखद अवसरमा वोर्डलाई महत्वपूर्ण सहयोग पुर्‍याउने स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण मजदुर, किसान, उद्योगी, व्यवसायी, विभिन्न संघ संस्थाका प्रतिनिधी एवं कर्मचारीहरुलाई यहांहरुले पुर्‍याउनु भएको सहयोग र सद्भाव प्रति हार्दिक धन्यवाद ज्ञापन सहित शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

रमण प्रसाद पाठक

(कार्यकारी निर्देशक)

"उत्पादन बृद्धि गरौं आत्मनिर्भर बनौं"



# सम्पादकिय

मिती: २०७१/१/१५

देशको भौगोलिक स्थिति र विकट पहाडी बनावटका कारण ज्यादै सीमित क्षेत्रफल मात्र कृषियोग्य क्षेत्रफल भित्रको गणनामा आउँछ। खेतीयोग्य क्षेत्रफल मध्येको ठूलो हिस्सा उच्च तथा मध्य पहाडी भू-भागमा अवस्थित छ। जहाँ खाद्यान्न फलफूल र अन्य बालीनालीहरू फस्टाउन सक्ने अवस्था निकै कम हुन्छ। ग्रामीण क्षेत्र गरिबी र बेरोजगारी समस्याबाट ग्रस्त छ। उपयुक्त स्थान सापेक्ष र दीर्घकालीन आम्दानीमूलक कार्यक्रमहरूको अभावमा पहाडी दुर्गम क्षेत्रका बासिन्दाहरू विस्तापित भईरहेका छन् र अझ बढी बढ्न सक्ने खतरा बढिरहेको परिस्थितिमा मध्य पहाडी देखि उच्च पहाडी चहुरदेखि लिएर डाँडा पखेराहुँदै तराईका केही जिल्लामा समेत फैलिंदै गएको चिया र कफी खेतीले त्यस क्षेत्रको आर्थिक सामाजिक रहन सहनको रुपान्तरण गरेको स्वीकार्न सकिन्छ।

तापनि आसातीत लक्ष्यअनुसार प्रगति हासिल गर्न धेरै प्रसार र ठोस कार्यक्रम थपिंदै जानुपर्ने कुराको आभाष आउन थालेको छ। चिया तथा कफी उद्योगसँग सम्बन्धित कमी-कमजोरीलाई वोर्डले आफ्ना मातहतका कार्यालय र जनशक्तिलाई परिचालन गर्दै आएको सवैमा विधितै छ। साथै चिया तथा कफी क्षेत्रमा देखा परेका समस्या समाधानको लागि वोर्ड सदा प्रतिबद्ध रहने समेत सवैमा जाहेर गर्न चाहन्छु।

अन्तमा यहाँहरू सबैको सहयोग सद्भावमा प्राप्त लेख रचनाहरूको सहयोगमा १७औं राष्ट्रिय चिया दिवस २०७१ वैशाख १५ को अवसर पारेर चिया/कफी नामक स्मारीक प्रकाशन गरी यहाँहरू सामु पस्कने जमर्को गरीएको छ। यहाँहरूको अमूल्य सहयोग र सुझावको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दै राष्ट्रिय चिया दिवसको एवं २०७१ सालको मंगलमय हार्दिक शुभकामना।

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

प्रेम आचार्य

**परिचय**

राष्ट्रियस्तरमा चिया तथा कफी उद्योगको विकास सम्बन्धि योजनाहरुको तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा संचालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित प्रभावकारी एवं सवल वनाउन राष्ट्रिय चिया तथा कफी विकास वोर्डको स्थापना २०४९ सालमा गरिएको हो। यस वोर्डले चिया तथा कफीको खेती र प्रशोधन गर्ने कार्यमा सामन्जस्य ल्याउने, आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि एक ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको योनजाबद्ध रुपमा विकास गर्ने मूल उदेश्य राखेको छ।

**बोर्डको उदेश्यहरू**

(क) चिया तथा कफी उद्योगका विकासको लागि खेती विस्तार,उत्पादन, प्रशोधन बजार व्यवस्थापन तथा निकासी पैठारी सम्बन्धी नीति तर्जूमा गरी कार्यान्वयन गर्ने, गराउने।

(ख) चिया तथा कफी खेती तथा उद्योगको विकासमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता गाउने।

(ग) चिया तथा कफी उद्योगको विकासको लागि चिया तथा कफी खेती र प्रशोधनका लागि आवश्यक पर्ने सामाग्रीहरुको आपूर्तिको व्यवस्था गर्ने, गराउने।

(घ) चिया तथा कफी उद्योगको विकासको लागि तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरुलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलव्ध गराउने।

(ङ) चिया तथा कफी उद्योगको विकासको लागि आवश्यक अध्ययन गर्ने, गराउने।

(च) चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरुसंग समन्वय गर्ने।

(छ) चिया तथा कफी उद्योगलाई सहयोग पूर्‍याउने।

**मुख्य मुख्य कार्यहरू**

- नेपाल अधिराज्यमा चिया तथा कफी खेतीको विस्तार तथा विकास गराउन चिया तथा कफी उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफी खेतीको विकास र विस्तारको लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तिय आधारहरु तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफीको मूल्य सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने।
- सानास्तरमा चिया तथा कफी खेती गर्ने कृषकहरुलाई आवश्यक पर्ने कर्जा, बीउ, बेर्ना, रासायनिक मल, कीटनाशक विषादी, औजार, इन्धन, प्राविधिक सेवा आदिको आपूर्तिको व्यवस्था गर्ने र गराउने।
- चिया तथा कफी लगाउन उपयुक्त ऐलानी सरकारी जग्गाहरु नेपाल सरकारबाट उपलव्ध गरी चिया तथा

कफी लगाउने, लिज वा किस्तावन्दीमा दिई चिया तथा कफी खेती गर्न लगाउने ।

- बजार व्यवस्थालाई विकास गर्न समय समयमा बजार सर्वेक्षण गरी उपभोक्ताले रुचाउने खालको चिया तथा कफीको ग्रेड र किसिम आदिको यकिन गर्ने र चिया तथा कफीको गुणस्तर निर्धारण गर्ने र गराउने।
- अन्तराष्ट्रिय बजारमा चिया तथा कफीको माग सम्बन्धमा निर्यातकर्ताहरुलाई जानकारी गराउने ।
- चिया तथा कफी उद्योगसंग सम्बन्धित व्यवस्थापन र मजदुर बीच समझदारी विकास गर्न आवश्यक कार्य गर्ने ।
- चिया तथा कफी उद्योगहरुको दर्ता लगत राख्ने ।
- नेपाल सरकारको स्वीकृति लिई चिया तथा कफीमा सेवा शुल्क लगाउने ।

## राष्ट्रिय चिया तथा कफी विकास बोर्ड संरचना



**जमिन र जनशक्ति**

| सेवा केन्द्र | क्षेत्रफल रो. | जनशक्ति |
|---|---|---|
| केन्द्रिय कार्यालय काठमाडौं | ४ | २० |
| क्षेत्रिय कार्यालय, विर्तामोड झापा | | ८ |
| क्षेत्रिय कार्यालय, पोखरा | ३० | ५ |
| चिया विस्तार योजना, फिक्कल | ४१ | ५ |
| चिया विस्तार योजना, जसविरे | १२२ | ६ |
| चिया विस्तार योजना, मंगलबारे, इलाम | १९८ | ८ |
| चिया विस्तार योजना, लालिखर्क पांचथर<br>चिया विस्तार उपकेन्द्र चिलिङ्गदेन, पांचथर<br>चिया विस्तार उपकेन्द्र फाक्तेप, पांचथर | १११<br>२७<br>२८ | ५ |
| चिया विस्तार योजना, हिले धनकुटा | १४५ | ५ |
| चिया विस्तार योजना, सोल्मा तेह्रथुम | १७३ | ४ |
| चिया विस्तार योजना, रानीपौवा नुवाकोट | १० | २ |
| चिया विस्तार योजना, ओखलढुङ्गा | ६.५ | |
| चिया विस्तार योजना, सोलु | ६ | |

चिया अनुसन्धान अन्तरगत इलाम फिक्कलमा माटो जांच, टि टेष्टिङ्ग सिडवारी स्थापना एवं चिया क्लोन विकास कार्यक्रम भईरहेका छन् । कफी अनुसन्धान अन्तरगत विगत ४ वर्ष देखि कृषि अनुसन्धान परिषदकास्की पोखरासंग सहकार्यमा संचालित कफीको जातिय उत्पादकत्व पहिचान अन्तरगतकार्य भईरहेको ।




अन्य कार्यक्रमहरु अनुगमन निरीक्षण, तथ्यांक संकलन, प्रगति पुस्तिका प्रकाशन, चिया कफी उपहार कफी दिवष,चिया कफी नर्सरी स्थापनाको लागी विउ अनदानमावितरण सम्बन्धित कार्यक्रमहरु भइरहेका छन् भने चियानीति र कफी नीति परीमार्जन गर्ने कर्य भईरहेको छ ।

वोर्डबाट भएका अन्य कियाकलापहरु

- तथ्यांक संकलन
- सम्भाव्यता अध्ययन
- प्राविधिक सहयोग
- कफीको मुल्य निर्धारण
- समन्वय सम्पर्क
- तालिम तथा गोष्ठी
- चिया र कफी विरुवा विउमा मा अनूदान
- कृषक सहयोग कार्यक्रम





**Tea Plantation & Production**



## Tea Export & Import




## Coffee Plantation Production



**Coffee Export & Import**




**उपलव्धीहरू**

- राष्ट्रिय चिया नीति २०५७ लाई वर्तमान अवस्था अनूसार परिमार्जन गरी कार्यान्वयन निर्देशिका तयार गर्नेतर्फ अग्रसर रहेको ।
- राष्ट्रिय चिया प्रतिक लोगो तयार
- राष्ट्रिय कफी नीति २०६० लाई वर्तमान अवस्था अनूसार परिमार्जन गरी कार्यान्वयन निर्देशिका तयार गर्नेतर्फ अग्रसर रहेको ।
- राष्ट्रिय कफी लोगो तयार भई कार्यन्वयनमा रहेको ।
- पोखरामा नार्क संग समन्वय गरी कफीको अनुसन्धान कार्यक्रम संचालित
- राष्ट्रिय कफी कार्य समुह गठन गरी एकद्धार प्रणालीबाट कफी विकास कार्यक्रम संचालन गर्ने ।
- अन्तराष्ट्रिय चिया समितिको सदस्यता लिएको ।

**भाबि कार्यक्रम**

- खेति विस्तार एवं उत्पादन तथा प्रवर्द्धन
- सम्भाव्यता अध्ययन

- प्राविधिक सहयोग
- समन्वय र सम्पर्क
- तालिम तथा गोष्ठी,
- अनूसन्धान कार्यक्रम
- राष्ट्रिय कफी र चिया दिवस
- अर्गानिक खेति प्रणालीमा जोड
- टि अक्सन हाउस स्थापनार्थ पुर्वाधार तयारी गरी संचालनमा ल्याउने

**प्रशोधन**

- कफी पल्परमेसिन ५० प्रतिशत अनुदानमा वितरण गर्ने ।
- चिया प्रुनिङ पल्परमेसिन ५० प्रतिशत अनुदानमा वितरण गर्ने ।
- प्रशोधन उद्योगका समस्याहरुलाई समाधानका लागी पहल गर्ने ।
- गुणस्तर परिक्षण प्रयोगशाला स्थापनाको लागी पहल गर्ने ।
- सहकारी चिया प्रशोधन फ्याक्ट्रीतयारीको लागी सहयोग गर्ने ।

**बजार बिस्तार**

- बजार प्रबर्द्धन कार्यक्रम (रेडियो कार्यक्रम, विकी कक्ष, भिडियो, फिल्म बनाउने ।
- तालिम गोष्ठी ।
- सोभिनियर प्याकेट वनाउने ।
- राष्ट्रिय र अन्तराष्ट्रिय मेला र प्रदर्शनीमा भाग लिने ।
- अन्तराष्ट्रिय कफी संस्थाको सदस्यता लिने ।
- प्राङ्गारिक प्रमाणिकरण कार्यक्रममा सहयोग गर्ने ।

**नीतिगत कार्यक्रम**

- राष्ट्रिय प्राङ्गरिक प्रमाणिकरण कार्यक्रममा पहल गर्ने ।
- गरिवी निवारणका लागि राष्ट्रिय जग्गामा कफी र चिया रोपण गरी गरिब समुदायलाई जिम्मा दिने तर्फ जोड गर्ने ।

**समस्या एवं समाधान**

- दक्ष जनशक्ति विकासको लागी वोर्डमा कार्यरत कर्मचारीहरुलाई सम्बन्धित तालिमको व्यवस्था गरीनुपर्ने ।
- आर्थिक अभावको ठुलो चूनौती रहेकोले स्तरीय कार्यक्रमहरु गर्न नसकिएको ।
- चिया र कफीको राष्ट्रिय स्तरमा टेस्टीङ्ग ल्यावको आवश्यक रहेको ।
- चिया र कफी अनुसन्धानको लागी बजेटको व्यवस्था हुनुपर्ने ।

- अर्गानिक सर्टीफाइको लागी आवश्यक व्यवस्था हुनुपर्ने ।
- चिया अक्सन प्रणाली लागु गर्न दक्ष व्यक्ति हायर गर्नुपर्ने ।
- आफ्नै कार्यालय स्थापना गनुपर्ने हालको अवस्थामा अति आवश्यक भएको ।
- अर्गानिक खेती सम्बन्धी विस्तृत तालिम योजना लागु गर्नु पर्ने ।
- चिया नीति कफी नीति लागु गर्न तर्फ विशेष जोड दिनु पर्ने ।
- नेपालमा चिया र कफीकोलागी दातृराष्ट्रहरुबाट सहयोग लिई कार्य गर्ने राष्ट्रिय संघ संस्थाले कार्य योजना गर्दा वोर्ड संग समन्वय गरी पारदर्शि रुपमा गनुपर्ने ।
- चिया प्रशोधन कारखानाको प्रशोधन क्षमता भन्दा हरियो पत्तिको उत्पादन बढी भएको हूदा प्रशोधन कारखानाको स्थापनाको लागि विशेष पहल गरीनुपर्ने ।





# संचार र अर्गानिक कफी



ढकेश्वर घिमिरे
(नेपाल कफी व्यवसायी महासंघ)
संस्थापक अध्यक्ष

मानिस चेतनशिल प्राणी हो उसका आवश्यकता आकांक्षा एवं चाहानाहरु अनन्त हुन्छ 'तिनलाई सन्तुष्टी दिने माध्यम मध्येको एउटा हो संचार । मानिसलाई आफ्नो मनको कुरा बिसाउन खवरहरु आदान प्रदान गर्न प्राचिन समयमा एक ठाउँको खबर अर्को ठाउँमा पुऱ्याउन निकै कठिन हुन्थ्यो पछि विकासक्रममा हलकाराको माध्यमबाट हुलाक सेवाबाट आकाशवाणीबाट खबर सेवाहरु आदान प्रदान हुन थाले ।

वर्तमान युगमा विश्वमा यो संचार सेवामा निकै धेरै प्रविधिहरुको आविस्कार भै मानिसहरुलाई हालखबरको बारेमा आपसमा जानकारी गराउन सूचना दिन समाचार दिन ज्ञानमूलक, शिपमूलक चेतनामूलक प्रविधिहरु सिकाउन प्रचारात्मक विज्ञापनहरु दिन प्रत्यक्ष प्रसारण गरी भैरहेका गतिविधिहरु प्रत्यक्ष सुनाउन देखाउन वैज्ञानिक आविस्कारको कुराहरु मनोरञ्जनात्मक खेलकुद, गीत, नृत्य लगायतका खबरहरु सुनाउन देखाउन मनका कुराहरु प्रत्यक्ष बताउनका निमित्त संचार क्षेत्र सफल भै सुगम दुर्गम राष्ट्रिय अन्तर्राष्ट्रिय सबै क्षेत्रहरुलाई सेवा पुऱ्याउँदै आइरहेको छ । यी सेवा प्रदान गर्ने माध्यमहरु भनेका पत्रपत्रिका, रेडियो, एफ.एम., टेलिफोन, फ्याक्स, मोबाइल, टेलिभिजन, इन्टरनेट, कम्प्युटर सेवा हुन् । आजको युगको यो अत्यन्त ठूलो उपलब्धी हो ।

युग अनुकूल संचारको महत्व बुझेकाले आफ्नो क्षमता अनुसार पश्चिम नेपालको पाल्पा जिल्लास्थित मदनपोखराका सचेत व्यक्तित्वहरु बुद्धिजीवी, समाजसेवी, शिक्षक एवं उत्साहित युवाहरुको ०४६ सालदेखिको अथक प्रयासबाट २०५६ साल चैत्र २३ मा गा.वि.स.को नाममा प्रशारण अनुमति लिई दक्षिण एसियाकै पहिलो ग्रामिण सामुदायिक रेडियोको रुपमा स्थापना गर्नाले पाल्पा जिल्ला एवं मदनपोखरालाई अधिराज्यमा चिनाउन सफल भयो र विस्तारै अन्य स्थानहरुमा पनि रेडियोहरु खुल्दै गए । स्थानीय स्तरको विकासको लागि त्यहीका व्यक्तिहरुको महत्वपूर्ण योगदान, निस्वार्थता, दीर्घकालीन सोच अपरीहार्य हुँदो रहेछ त्यही कुरालाई मनन गरेर शिक्षाको क्षेत्रमा २००८ सालबाट सुरु गरी आज प्राइमरीदेखि डिप्लोमा सम्मका संचालन भएका स्कुल, कलेजहरु, दृष्टिविहीन कक्षाहरु संचालनमा छन् । यसैगरी स्थानीय स्रोत र साधनहरुबाट तयार गरिएका खानेपानी योजना मोटरबाटोहरु, वातावरण, वनजंगलको विकास र संरक्षण, कृषिको क्षेत्रमा कफी खेती, तरकारी खेती, फलफूल खेती, पशुपालन व्यवस्थापन र तिनको बजारीकरण आदि गतिविधिहरु अनुकरणीय भएकोले राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटकहरुको ओइरो लाग्ने गरेको छ यस मदनपोखरामा । यसरी भैरहेको गतिविधिलाई प्रचार गराउनमा मिडिया क्षेत्रको अग्रणी भूमिका रहेको छ ।

यसै प्रसंगमा पाल्पाको मदनपोखरामा पर्यटकहरुको ओइरो लाग्ने अर्को क्रियाकलाप हो अर्गानिक कफीको

विकास र विस्तार । संचारको पेट्रोलियमपछिको दोस्रो आर्थिक कारोबार हुने, वातावरणप्रिय, बौद्धिक खुराकको रुपमा चिनिएको उत्पादनदेखि उपभोगसम्म विभिन्न चरणहरुमा अत्यन्त ठूलो रोजगारको अवसर दिन सक्ने, उच्च मूल्यको वस्तु हो कफी । यसको उत्पत्ति इथियोपियाको कफा भन्ने जंगलबाट सन् ८५० मा भएको थियो । नेपालमा भने वि.सं. १९९५ मा गुल्मीमा हिरा गिरी (साधु) ले सुरु गरेका थिए । त्यसपछिका दिनमा गुल्मीमा केही विस्तार हुँदै गएको भएता पनि पाल्पा जिल्लाको मदनपोखरामा २०३५ सालदेखि आंशिक रोपण सँगै २०३८/०३९ देखि व्यावसायिक कफी रोपणको थालनी भएको थियो ।

पाल्पा जिल्ला मदनपोखरा-७ का घिमिरे परिवारको बारीमा २०३८ सालको बाढीले मरुभूमितुल्य बनाएपश्चात् हरियाली बनाउने क्रममा व्यावसायिक रुपमा रोपण गरिएको कफी, फलफूल, डालेघाँसहरुबाट कृषि वनको नमूना बन्न गएको उक्त बगैंचा हेर्न २०४२ सालदेखि हेर्न आउने गरेका पर्यटकहरुको सल्लाह सुझावसँगै २०४६ सालबाट प्राङ्गारिक अवधारणा सहित कफी नर्सरी एवं बोटहरुमा गाईको गहुत गोवरको प्रयोग गर्दै उत्पादित कच्चा कफीलाई स्थानीय प्रविधिबाट प्रशोधन गरी “Home Made Organic Coffee” को रुपमा तयारी गरी पर्यटकहरुलाई उपलब्ध गराउने काम भयो । साथसाथै मेला प्रदर्शनीमा भाग लिंदै बजार र प्रविधिको खोजमा संस्थागत व्यवस्थाको सोचसहित मेरै नेतृत्वमा २०४७ साल कात्तिक ३० गते नेपाल कफी व्यवसायी संघ मदनपोखरा र २०४८ सालमा जिल्ला स्तरीय संगठनको निर्माण गरियो, बजारीकरणको व्यवस्था गरियो । तत्पश्चात् नेपाल सरकारसँग अनुरोध गर्नाले २०५० सालमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड निर्माण हुन गयो । मूल्य निर्धारणको व्यवस्थाको थालनी भयो । यसैगरी २०५० सालमा कफी व्यवसायी संघ पाल्पाले अर्गानिकमा जाने आधिकारिक निर्णय गरी प्रविधि खोज्दै जाँदा २०५४ सालमा एलसाल्भाडोर, अमेरिकाबाट अर्गानिक कफी विज्ञ र प्रशोधन विज्ञ ल्याई ८ जिल्लाका ४२ जना र अधिकृतहरु ४ जनासमेत ४६ लाई तालिम व्यवस्थापन गर्ने अवसर मिल्यो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट अर्गानिक कफी उत्पादन निर्देशिका प्रकाशन भयो । संगठन विस्तार तर्फ राष्ट्रिय स्तरको संगठन बन्न गयो । २०६१ मा नेपाल कफी व्यवसायी महासंघ बनाइयो । र कफीको अर्गानिक प्रविधी, बजार, नीतिगत व्यवस्था विभिन्न जिल्लाहरुमा संस्थागत व्यवस्था सहितका कामहरु हुँदै गए । हाल नेपाल कफी व्यवसायी महासंघ अन्तर्गत पाल्पा गुल्मी स्याङ्जा अर्घाखाँची, कास्की, लमजुङ, तनहुँ, गोर्खा, पर्वत, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर, प्यूठान गरी १५/१६ जिल्लाका २७००० परिवारहरु अर्गानिक कफी व्यवसायमा संलग्न छन् भने अप्रत्यक्ष रुपमा पूर्वी जिल्लाहरु लागिरहेका छन् । यसरी कूल १७०० हे. मा ४०० टन तयारी कफी उत्पादन हुने गरेको छ । उद्योगहरुमा नेपालको पहिलो अर्गानिक कफी उद्योग नेपाल अर्गानिक कफी प्रोडक्ट मदन पोखरा, पाल्पा, हाइल्यान्ड कफी, एभरेष्ट कफी, गुल्मी कफी सहकारी लगायत झण्डै २०/२५ वटा उद्योग खुलेका छन् ।

हाल नेपालको अर्गानिक कफी अमेरिका, जापान, कोरिया, थाइल्याण्ड, बेलायत, बेल्जीयम, लगायतका थुप्रै देशमा लगभग ६००० टनको माग आएको. छ । यो हुनुमा हामी व्यवसायीहरुको व्यवसायप्रतिको विश्वास, इमान्दारीता, दूर दृष्टिकोण, लगनशिलताको उपज हो भने मिडियाका क्षेत्रबाट पनि सर्वप्रथम पाल्पाबाटै व्यावायिक अर्गानिक र संस्थागत व्यवस्थाको शुरुवात हुँदा पाल्पाली रेडियो, पत्रिकाहरुबाट यी समाचारहरु प्रविधिहरुको बारेमा जानकारी दिनुको साथसाथै मुलुकका अन्य संचार साधनहरु रेडियो, टि.भी., पत्रपत्रिकाबाट पनि अर्गानिक कफीको बारेमा बारम्बार प्रचार प्रसार गर्दा यसको थप प्रगति भएको हो ।

**२०४१ सालदेखि कफीको बारेमा लेखिएका प्राविधिक पुस्तिका दस्तावेज एवं पत्रपत्रिकामा लेखिएका समाचारको मुख्य शिर्षकहरू :**

१) कफी खेती एक परिचय (वेदकुमार श्रेष्ठ, स.कृ.वि.अ. २०४१)
२) कफी खेती (कृषि मन्त्रालय संचार महाशाखा २०४८/०४९)
३) कफी खेती (ढकेश्वर घिमिरे, नेपाल कफी व्यवसायी संघ, पाल्पा अध्यक्ष २०५०)
४) कफी खेती कृषि संचार महाशाखा २०५२
५) जाँगर् भए कृषि पेशाबाटै सम्पत्ति कमाइन्छ (परिस्थिति आर्थिक २०५३ वैशाख २०)
६) यो सफलता मेरो मात्र नभै मदनपोखरा र पाल्पाकै हो । (श्री नगर साप्ताहिक २०५४ फागुन १०)
७) नेपालमा अर्गानिक कफीको भविष्य र प्राविधिक पक्ष (Tea A Tea राष्ट्रिय चिया क. बोर्ड २०५४)
८) नेपाली कफीको विदेशमा माग (समाचारपत्र २०५४ चैत्र २)
९) प्राङ्गारिक कफी उत्पादन निर्देशिका NTCDB/Win Rock Int २०५५)
१०) आकर्षणको केन्द्र छ मदनपोखरा (गोरखापत्र २०५५ मंसिर १४)
११) प्रदर्शनीहरु छिटो छिटो गरिनुपर्छ (दैनिक लुम्बिनी २०५५ पौष १५)
१२) Madanpokhara: A Model Destination (काठमाडौं पोष्ट २०५६ 19 Feb 1998)
१३) अमेरिकी र जापानी जिब्रोमा पाल्पाली कफीको स्वाद (अग्नीपथ २०५६ श्रावण ९)
१४) विकासका पाइलाहरु कफी खेती निर्देशिका ीष्कउ पाल्पा २०५७)
१५) आयो नेपाली कफी (राजधानी २०५९ कात्तिक १४)
१६) नत्र फेरी कफीका बोटहरु काट्नुपर्ने अवस्था आउन सक्छ (समाधान ०५९ मंसिर १०)
१७) भिरालो जमिनमा कफी लगाऔं परनिर्भरता हटाऔं (गाउँले देउराली साप्ताहिक २०६१ मंसिर ४)
१८) कफी खेती प्राविधिक निर्देशिका (ल्त्रम्ध्य २०६१)
१९) अरु खेतीको लागि अनुपयुक्त जमिनमा कफी खेती गरौं (गाउँले देउराली ०६१ वैशाख ४)
२०) हृदय रोगीका लागि कफी बरदान (अन्नपूर्णपोष्ट २०६२ कात्तिक ४)
२१) कफी पिउनु स्वास्थ्यको लागि फाइदा (कान्तिपुर २०६२ भदौ १९)
२२) Women Entrepreneur Shanti Devi Organic Coffee (The Boss 15 Feb 2007)
२३) विदेशी पर्यटकहरु नेपाली कफी प्रति आकर्षित (Tourism Times March 2009)
२४) कफी उद्योगलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनुपर्छ (पब्लिक न्यूज ०६५ पौष १७)
२५) अर्गानिक कफी बिक्री गर्दै कृषक (कान्तिपुर २०६६ फागुन २७)
२६) प्राङ्गारिक कफी खेती सहयोगी पुस्तिका (NTCDB २०६६)
२७) पाल्पाली कफी तर्फ अमेरिकाको रुचि बढ्दो (कारोबार आर्थिक २०६७ फागुन २५)
२८) आयातभन्दा निर्यात बढी (आर्थिक अभियान २०६७ माघ २८)
२९) अन्तर्राष्ट्रिय प्रवर्द्धनका लागि कफीको बेग्लै लोगो (कान्तिपुर ०६७ कात्तिक ३०)
३०) नेपाली कफीको विशेष ट्रेडमार्क (नागरिक ०६७ कात्तिक ३०)
३१) कफी उत्पादकलाई प्रतिक चिन्ह प्रदान (गोरखापत्र ०६७ फागुन १७)

३२) Cupful of Flavorful Taste and Aroma Brew Organic Coffee (The Himalayan Times 11 Dec 2011)
३३) नेपाली कफीको विदेशमा उच्च माग (कारोबार ०६७ फागुन १७)
३४) विदेशी कफीको झल्को कफी टकमै (नेपाल पर्यटन ०६८ श्रावण २३)
३५) व्यावसायिक कफी खेतीका निमित्त सरकारी निति फितलो (कृषि साप्ताहिक ०६९ कात्तिक ३०)
३६) महँगो अर्गानिक सर्टिफिकेसन कफी विकासको बाधक (अभियान ०६९ पौष २३)
३७) कफी उत्पादनमा जोड (राजधानी ०६९ पौष १३)
३८) कफी उत्पादन कम, उद्योग बढी (कारोबार ०६९ पौष १३)
३९) अर्गानिक कफीको उत्पादन बढाउन जोड (हिमालय टाइम्स ०६९ पौष १३)
४० कफी विकासका निमित्त दीर्घकालीन योजना जरुरी (गोरखापत्र ०६९ पौष १३)
४१) कफी खेतीलाई व्यावसायिक बनाउन जोड (आर्थिक ०६९ पौष १३)
४२) कफी निकासी बढ्यो माग अनुसार आपूर्ति हुन सकेन (हिपात ०६९ फागुन १)
४३) कफी स्मारिका (नेपाल कफी व्यवसायी महासंघ ०६९ मार्ग १८)
४४) अर्गानिक कफीबाट समृद्ध बनाउँदै ढकेश्वर घिमिरे (विजनेस बहस स्मारिका २०६९)
४५) नेपाली अर्गानिक कफी डकुमेन्ट्रीमा (हिमालयन टाइम्स ०७० भदौ १६)
४६) मुलुकको अर्थतन्त्र सुधार्न अर्गानिक कफी महत्वपूर्ण (कृषि साप्ताहिक ०७० भदौ १६)
४७) अर्गानिक कफी खेती गर्न नयाँ योजना ल्याइने (आर्थिक राष्ट्रिय दैनिक २०७० भदौ १६)
४८) कफीबाटै नाम र दाम (कृषक र प्रविधि २०७० असोज/कात्तिक)
४९) अर्गानिक कफीले मनायो रजत महोत्सव कफी विकासमा सरकार उदासिन (नेपालको पहिलो कृषि साप्ताहिक ०७० मंसिर ३०)
५०) अर्गानिक कफीको माग बढी उत्पादन कम (कारोबार २०७० मंसिर २८)
५१) अर्गानिक कफी र ढकेश्वर घिमिरे (माधव निर्दोश दस्तावेज २०७० भदौ)
५२) Coffee Talk About Coffee (Coffee Talk) २०६८ कात्तिक १५ देखि ०७० पौष १६ सम्म ६ अंक)

मिति : २०७०।११।२८

# Tea Reseach Activities By National Tea & Coffee Development Board Of Nepal At Fikkal



**SK PRADHAN**
Tea Research Officer
Fikkal, Ilam

## Introduction

Due to lack of technical know how the tea farmers in the past planted few common varieties like T78, T383 and Goomtee (T. Valley 1) which has covered approximately. 90% of total areas followed by other clones like AV2, T135, T145, T253, B668, B157, B777 and P312 planted at random that has covered remaining 10% of total areas. This led to problems in segregation in the field for quality manufacture. Since the performance of planting materials greatly depends on soil types, elevation, aspects and climatic conditions it is advisable to have fair knowledge of characteristics of different planting materials before planting suiting to one's local conditions.

In order to have better choice of planting materials and that of Nepal's own it was strongly felt necessary to start bush selections in the high yielding and quality section of seed varieties available within Nepal. The National Tea and Coffee Development Board initiated this since few years back at Kanyam and Ilam tea gardens.

## Activities

### Clone

Initially 30 selections ware made at Kanyam and Ilam tea gardens based on density of plucking points, shoot weight, length of inter nodes between to leaves, resistance to drought and major pests and diseases etc. After two years of field observation 19 selections ware rejected due to different factors and clonal cuttings from 11 selections were raised in the nursery at Fikkal. Again 7 selections were rejected due to poor rooting percentage and finally 4 promising selections were plated at Fikkal, Jasbire, Mangalbare and Dhankuta outreach stations for field observations to be kept for minimum 2 to 3 years before releasing them.

In the second phase 6 new selections again from Kanyam and Ilam and 4 selections from farmers fields were kept for observations, the nodal cuttings of which will be raised in the nursery at Fikkal.

**Seed Variety**

Seeds from stock 378 and Goomtee planted together at Shree Antu 7 were collected and raised in the nursery planting of which already done at Fikkal, Jasbire, Mangalbare and Dhankuta during 2013.

**Field Trials**

- One field trial on oxyrich and Kohinoor (Bio-fertilizer) against farmers practices (FYM) was carried out at Fikkal for 2 years. The data for 2 years has significantly shown 10 to 15 percentage crop increase over farmer practices and control respectively.
- Field trial on products HYT- B with two different dilutions and another product "X" along with Neem is being carried out in two different clones i.e. Tarapur and T78. So far there is no significant difference in yield over control.
- A single plot trial by using two different Neem cakes and control is started recently on clone T78.
- Another look see trial with products like Neem, Grow, Nitro king and SA90 also started recently to see the effects on control of sooty mould and scale insects and crop productivity.
- Trial on deep skiffing in the month of may during banjhi spell for crop and labour distribution against conventional pruning time is already started at Fikkal and Jasbire outreach stations .
- Green cropping trial by using crotolariya anagoride and priotropies is started in 2013 for minimum two years to improve the soil fertility and distribution of seed to the farmers.
- Control of thatch is also started by using different types of creepers like polygonum runcinetum, Mikania, Sweet potatoes and forage peanuts.
- Identification of exiting clones at Fikkal and Jasbire was completed.

# कृषि क्रान्तिमा कफी

**श्यामप्रसाद भण्डारी**
**अध्यक्ष**
**नेपाल कफि व्यवसायी महासंघ**

**भूमिका**

नेपाल कृषि प्रधान देश हो । राष्ट्रिय आय तथा रोजगारीमा कृषि क्षेत्रले उल्लेखनिय स्थान दिएको छ । मुलुकका ७० प्रतिशत जनता अहिले पनि जिवन निर्वाहा कृषिमानै गरिरहेका छन् । कृषि क्षेत्रले देशको कुल ग्राहस्थ उत्पादन ३३ प्रतिशत ओगटेको छ । देशको दुई तिहाई सक्रिय जनसंख्यालाई रोजगारी समेत प्रदान गरेको छ । तर अव यो धेरै समय सम्म कृषि प्रधान रहन मुस्किल देखिन्छ । किनकी किसानहरु कृषि पेशावाट सन्तुष्ट छैनन् । देशमा ४१ प्रतिशत भन्दा वढी किसानहरुले दैनिक आवश्यक पर्ने खाद्यान्न पनि आपुर्ति गर्न सकेका छैनन् त्यसैले किसानहरु कृषि पेशा छाडेर अन्य कामको खोजीमा लागेका छन् वा विदेश तिर पलायन भइरहेका छन् । यदि यही प्रक्रिया निरन्तर रुपमा चलिरहने हो भने यस्ता दिनहरु पनि टाडा छैनन् । जव हामीलाई अन्नको दाना देख्नलाई पनि वाहिर देशको आशा गर्नु पर्नेछ ।

आर्थिक उदारीकरण विश्वव्यापार संगठन तथा क्षेत्रिय संगठनहरुमा नेपालको विद्यमान प्रतिवद्धता र नेपालमा दिगो कृषि विकासको एजेन्डालाई विशेष प्राथमिकता दिँदै राष्ट्रिय कृषिनिति जारी गरिसकीएको छ । निर्वाहा मुखी कृषि प्रणालीलाई व्यवसायीकरण प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरि दिगो कृषि विकासको माध्यमवाट जिवनस्तरमा सुधार ल्याउन कृषि निति २०६१ को दिर्घकालीन दृष्टिकोण थियो । कृषि व्यवसाय प्रवद्धन गर्न र प्रभाकारी वजार व्यवस्थापन प्रणालीको विकासबाट विश्ववजारका अवसरहरुको उपयोग गरि राष्ट्रिय अर्थतन्त्रलाई वलियो वनाउने र रोजगारी सिर्जन गर्ने उद्धेश्यले कृषि व्यवसाय प्रवर्द्धन निति २०६३ पनि प्रकाशन भएको छ । यसैगरि अन्य नितिहरु पनि आएका छन् । राष्ट्रिय कफि निति २०६० समेतका थुप्रै नितिहरु वनिसके प्राचिन कालिन शैलिका नितीहरु कार्यान्वन हुदै आएका छन् ति नितीहरुमा थुप्रै लोकप्रिय कुराहरु भेटिन्छन् । तर कार्यान्वयन पक्षमा भैरहेको लापर्वाहीका कारण किसानहरुको जिवनस्तर खस्किदै गईरहेको छ । जिविकोपार्जन कृषिवाट सम्भव नदेखी अन्य विकल्प खोजी वाँचेका छन् ।

यसैगरि कृषि विकासको लागि विदेशी दातृ संस्थाहरुको सहयोगमा थुप्रै कार्यक्रमहरु संञ्चालन हुँदै आएका छन् । विदेशी मोडेलमा चलिरहेका यि कार्यक्रमहरुबाट किसानहरुले पटक-पटक तालिम पाईसके । माछा मार्न सिकाउनुको सट्टा पकाएको खान दिनी विदेशी कार्यक्रमले किसानहरु अनिश्चिततावाट प्रताडित वन्दै सिथिल हुने अवस्थामा छन् । कृषि उत्पादनका निम्ती अतिउपयुक्त हाम्रा गाँउ घरका खेतवारीहरु वाँझिदै छन् ।

दिगो आर्थिक विकासकालागि नेपाली कृषि उत्पादनलाई अर्गानिक अथवा प्राकृतिक उत्पादनगरि विदेशी वजारमा विश्वास वढाउन सक्नेखालका प्रविधि नितिगत व्यवस्था, एक द्धार प्रणली किसान लाई सहयोग गर्ने पद्धतिद्धारा विश्वास वढाउन सक्नु पर्दछ । हिमाल, पहाड, तराई भएको हाम्रो देश नेपालमा भएको कृषि उत्पादनको अर्गानिक प्रणालिकरण गरि विदेशी वजारमा हाम्रो पहुँच पुऱ्याउन जरुरी छ । विश्व व्यापार संगनको सदस्य भए पछि हाम्रो देशको कृषि क्षेत्रले अन्य देश सँग प्रतिस्पर्धा गर्न सकिरहेको छैन् । कृषि क्षेत्र नेपाली अर्थ व्यवस्थाको मेरुदण्ड

भएको हुँदा यसको औद्योगिककरण र व्यवसायीकरण गर्नु आवश्यक कुरा हो । कृषिमा आधारीत उद्योगहरु वलिया भएभने दिगो रुपमा अर्थतन्त्रको विकास हुन्छ र रोजगारीको अवसर सिर्जना हुन्छ । नेपाली कृषि क्षेत्रले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्दैन भनेर हार मान्नु अत्यन्तै गलत कुरा हो । त्यसैले प्रतिपर्धा गर्न सक्ने खालका विशेष रणनिति र कार्यक्रमको आवश्यकता छ । सरकारले आफ्नो रणनितिमा समिक्षा गरि रोजगार मुलक कृषि उद्योगलाई ग्रामिण स्तरमा प्रोत्साहन गर्न ग्रामिण जनता र सरोकार व्यक्ति संस्थासँग समन्वय गरेर सहभागिता मुलक अनुसन्धान र विकासका कार्य गर्नु पर्दछ । कृषि विकास अनुसन्धान र निति निर्माणको क्षेत्रमा जिम्मेवारी लिएका सवै निकायहरु आपसमा समन्वय गर्नु देश जनताको लागि आवश्यकता हो ।

माथी मैले देशमा भएको हुनुपर्ने विषयको सामान्य चर्चा मात्र गरेको हुँ । यस परिस्थिति भित्र नेपालको कफी पनि अछुतो रहेको छैन । त्यसैले प्राचिन कालीन संस्कारको परिवर्तका निम्ति कफीमा काम गर्ने विद्यमान संरचनामा परिवर्तन गर्नु हामी कफी व्यवसायकमा लाग्ने कफी किसान समुह, सहकारी, डिसिपिए, उद्योगीहरु, केन्द्रिय कफी सहकारी र सिङ्गो छाता संगठन नेपाल कफी व्यवसायी महासंघको कर्तव्य हुन आएको छ । कफी व्यवसायलाई व्यवसायीकरण गरी कफी व्यवसायमा लाग्ने व्यवसायीको भविश्य सुनिश्चित गरी गरीवी निवारण गर्नु, रोजगारीको सुनिश्चितता गरी मुलुकको दिगो आर्थिक विकासमा योगदान पुऱ्याउनु हाम्रो दायित्व हुन आएको छ । यस परिस्थिती भित्र आज हामी ३०,५०० घर परिवार कफि किसान, १७ जिल्लामा जिल्ला कफि संघ अर्न्तगत १७५० कफि कृषक समुह, ५२ कफी उद्योग, ७५० क्याफे हाउस, ८२ प्रारम्भिक कफी सहकारी, १२ वटा डिसिसियु र केन्द्रिय कफि सहकारी समेत रहेको छाता संगठन नेपाल कफि व्यवसायी महासंघ कफिलाई व्यवसायीकरण गरि मुलुकको कृषि क्रन्तिमा महत्वपूर्ण योगदान गर्ने कुरा महासंघले संकल्प लिएको छ ।

कफी नगदे र निर्यात योग्य वाली हो । यो संसारमा सवै भन्दा वढी कारोवार हुने पेट्रोलियम पदार्थ पछिको दोस्रो कारोवार हुने वस्तु हो । नेपालमा संसारमा पाईने सवैभन्दा राम्रो जमाईकाको वुलु माउण्टेनको कफी सरह हाम्रो कफी छ । हाम्रो अन्तराष्ट्रिय वजारमा विशिस्ट कफीका नामले परिचितभै स्थापित भएको छ । यति धेरै माग छ, उत्पादन कम छ, तर सम्भावना प्रशस्त छन् । जलवायु, भु-वनोट कफिखेति योग्य जमिन र हिमाल यहाँ छ । यहाँसम्म आईपुग्दा धेरै आरोह अवरोह पार गर्दै १ खर्व भन्दा वढिको कफी उत्पादन गरी सकिएको छ । माथि उल्लेखित परिस्थितको सामाना गर्दै हामीसँग भएको क्षमता, इमान्दारिता, तत्परता, दृढ संकल्प र निरन्तर प्रयासवाट हामी कफीलाई व्यवसायीकरण गर्दै मुलुकको कृषि कन्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा हामी विश्वस्त छौ ।

अतः नेपालमा ६० हजार हेक्टर भन्दा वढी जग्गामा कफीको व्यवसायीक खेत गर्न सकीने संभावना छ । नेपाल कफी व्यवसायी महासंघले सन् २०२० सम्ममा ५००० मेट्रिकटन ग्रिन विन्स कफी उत्पादन गर्ने लक्ष्य राखेको छ । नेपाल सरकारले २०६१ मा राष्ट्रिय कफि निति र कार्यविधि निर्देशिका २०६७ जारी गरेको छ । विगत ९ वर्ष देखि नेपालमा मंसिर १ गतेका दिन कफि दिवस मनाउने परम्परा कायम छ । यस वर्ष पनि "कफी रोपण गरौं, वातावरण जोगाऔं, आम्दानी वढाऔं, वेरोजगारी घटाऔं" भन्ने नाराका साथ कफी दिवस मनाउने लक्ष्य राखेका छौं । यो आफैमा राम्रो पक्ष हो । यसका अतिरिक्त यि दिनहरुमा कफी कृषक /व्यवसायीले भोग्नुपरेका चुनौतीहरु थुप्रै छन् । तिनिहरुको निराकरण गर्ने तर्फ पनि हाम्रो सोच जानु नितान्त जरुरी महशुस गरेका छौं । जस्तै सेतो गवारो किराको प्रकोप, उन्नत उत्पादन प्रविधिको कमी, अव्यवस्थित रुपमा खेती गरिएको, अर्गानिक प्रमाणिकरणको व्यवस्था सहज नहुनु, नर्सरी प्रमाणीकरण र रजिस्ट्रेशन व्यवस्थामा कमी र क्ष्रृक नियन्त्रण प्रणाली कमजोर संकलन तथा भण्डारण व्यवस्था अपुग, उत्पादन सामाग्रीको आपुर्तिको अभाव, ग्रेडिङ्ग, प्याकेजिङ्ग, तथा प्रशोधन प्रविधिमा कमी, अस्वस्थ प्रतिस्पर्धा क्वारेन्टाईन व्यवस्थामा सरलीकरण हुन नसक्नु, भुमिको खण्डिकरण हुनु, कृषि ऋणको सहजीकरण

नहुनु, नितिगत र कार्यगत सुधारको आवश्यकतामा अपाङ्गता, लगानीमा कमी आदी रहेका छन् । उपर्युक्त समस्या चुनौतीहरुको समाधान गर्दै नेपालमा प्रचुर मात्रामा रहेको कफीको व्यवसायीकरणको सम्भावनालाई गाँउ-गाँउसम्म पुऱ्याउनकालागि हालसम्म यस क्षेत्रमा भएको सफलता अनुसन्धान विस्तार र व्यवसायीकरणको पहललाई यथावत राख्दै, सहकारी, सरकारी र निजि क्षेत्रले जोड दिनुपर्ने खास पहलहरु निम्नानुसार छन् ।

**नितिगत सुधार सम्वन्धि पहल**

नेपालमा कफि को व्यवसायी खेती गर्नको लागि राष्ट्रिय कृषि नितिको अधिनमा रहेर कफी निति २०६१ र कार्यविधि निर्देशिका २०६७ लागु भएको भएतापनि यसमा समय सापेक्षित परिवर्तनको खाँचो छ । जस्तै कृषि निति, सामुदायिक वन, सरकारी जग्गा, ऐलानि जग्गामा कफी खेतीगर्न उल्लेख भएपनि कार्यान्वयनमा वाधा अड्चनहरु रहेकाछन् ।

**अर्न्तनिकाय समन्वय सम्वन्धि पहल**

समग्र कफी व्यवसायीकरणकालागि रहेका विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरु विच रहेको समन्वयलाई अझ मजमुत र छरितो वनाउन जरुरी छ । जस्तै कफी खेती चियापछिको सवैभन्दा महत्वपुर्ण नगदेवाली रहेको परिप्रेक्ष्यमा कृषि विकास मन्त्रालय अर्न्तगत रहेका महाशाखा, विभाग, शाखा, राष्ट्रिय कफी विकास वोर्ड, ग्रैह सरकारी निकाय, कफी सँग सम्वन्धित नेपाल कफी व्यवसायी महासंघ, उद्योग वाणिज्य महासंघ विच राम्रो समन्वय हुन जरुरी छ ।

**अनुसन्धान, विकास र प्रचार सम्वन्धि पहल**

नेपालमा कफीको अनुसन्धान सुन्यनै रहेको छ । कफिमा लाग्ने रोग, किरा नियन्त्रण देखि गुणस्तर सुधार र स्वच्छ विरुवा उच्पादन लगायतका विषयमा व्यापक अनुसन्धान, यसको विकास र कृषकको घर-घरमा प्रचारको जरुरी छ । केही वर्षयता सेतो गवारो किराले कफिको उत्पादनमा २० प्रतिशतको हाराहारीमा नोक्सान पुऱ्याएको छ । यस तर्फ विशेष ध्यान जानु नितान्त जरुरी छ ।

**संस्थागत एकद्धार प्रणाली सम्वन्धी पहल**

कफि नेपालको लागि एक विशिष्ट नगदे वाली भएकोले यसको उत्पादन, प्रशोधन तथा निर्यात गर्नको लागि चाहिने सेवा र सुविधा (जस्तैः वेर्ना, प्रविधि, मल, ऋण, वजार गुणस्तर सुधार, अर्गानिक प्रमाणिकरण, आदी एकद्धार प्रणलीबाट कृषक/व्यवसायीले पाउने वातावरण सृजना गर्नु टड्कारो खाँचोको विषय वनिसकेको छ ।

**गुणस्तर सुधार सम्वन्धी पहल**

नेपालको अर्गानिक कफि गुणस्तरको हिसावले मेस्कीको कफिको हाराहारीमा आउँदछ । यसको निरन्तरता तथा अझ गुणस्तरीय वनाउनको लागी उत्पादन देखी निर्यात सँगको विभिन्न चरणममा हुने गुणस्तर सम्वन्धी कार्य (जस्तैः प्राङ्गारिक मलको व्यवस्था, नर्सरी प्रमाणीकरण, पल्पीङ्ग केन्द्र, प्रविधिको व्यवस्था, क्वारेन्टाईन व्यवस्था, अर्गानिक प्रमाणिकरण, प्याकेजीङ्ग, ग्रेडिङ्ग, लेवलिङ्ग आदी) हरुमा विशेष पहल गर्नु जरुरी छ ।

**विस्तृत पकेट क्षेत्र विस्तार सम्वन्धी पहल**

नेपालको ४० भन्दा वढी जिल्लामा कफिको खेती भएतापनि यो व्यवसाय छरिएर रहेको छ । यसको कारणवाट कृषकवाट उत्पादित कफिले उचित वजार पाउन सकिरहेको छैन । अर्गानिक प्रमाणिकरण समस्या देखिएको छ । तसर्थ जहाँ-जहाँ भौगोलिक दृष्टिकोणले कफि उत्पादन हुन्छ त्यहाँ-त्यहाँ विस्तृत पकेट क्षेत्र निर्धारण गरि व्यवसायीक कार्यक्रम लागु गर्नु जरुरी भैसकेको छ ।

**पूर्वाधार विकास तथा यान्त्रिकरण सम्वन्धि पहल**

कफि व्यवसायीकरणको लागि आवश्यक पूर्वाधार विकास जस्तै प्रशोधन केन्द्र, वजारीकरण केन्द्र तथा सिंचाईको व्यवस्था जस्ता पूर्वाधारको विकास नितान्त हुनु जरुरी छ । जसको अलवा यसलाई व्यसायीक रुपमा लानको लागि आवश्यक यान्त्रिकरण सम्वन्धी व्यवस्था समेत हुनु निकै आवश्यक छ ।

**वजार व्यवस्था सम्वन्धि पहल**

नेपालमा उत्पादित कफीलाई अन्तराष्ट्रिय वजार सम्म पहुँच पुऱ्याउन विश्व व्यपार संगठनका मापदण्ड अनुरुपका गुणस्तरीय उत्पादनको सुनिस्चिततामा जोड दिदैं स्थानिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय वजारको समुचित व्यवस्था गर्ने ।

**उच्च शिक्षा, तालिम सम्वन्धि पहल**

नेपालमा हाल ३०,५०० भन्दा वढि किसानहरु प्रत्यक्ष रुपमा कफि उत्पादनमा लागेका छन् । उनीहरुको लागि समय सापेक्षित तालिमको नितान्त जरुरी छ । त्यसैगरी कफी व्यवसायीको विकास र विस्तारको लागि निजि क्षेत्र तथा सरकारीमा कार्यरत जनशक्तिको लागि तालिम र कफी सम्वन्धि उच्च शिक्षामा सरिक गराउने कदम कोशेढुङ्गाको रुपमा रहेको छ । खासगरी उपकेन्द्र / सेवाकेन्द्रमा रहेका कृषिका ना. प्रा. स. / प्रा. स. हरुलाई कफि सम्वन्धी तालिम र कफि क्षेत्रको वैदेशिक अवलोकन गर्न भ्रमण गराउने नितिलाई व्यापक रुपमा अवलम्वन गर्नु/गराउनु नितान्त जरुरी छ ।

**उच्च मनोवल र मर्यादित वनाउने पहल**

अहिले सम्म भएको सफलतालाई अझ प्रयासरत रही कृषि पेशामा लाग्ने व्यवसायीको मन उच्च वनाउन नितान्त जरुरी छ । एकजना नेपाली कृषकले म कृषि पेशा गर्छु भनेर गौरवका साथ भन्न सक्ने वातावरण सिर्जन गर्न तर्फ पौरखी पहल चल्न सके मात्र हामीले परिकल्पना गरे अनुसारको कृषि क्षेत्रको व्यवसायीकरण हुनेछ ।

अन्त्यमा कफी व्यवसायीलाई व्यवसायीकरण गरी रोजगारी सिर्जना, पर्यावरणीय सुधार, दिगो अर्थतन्त्रमा टेवा, विदेश पलायनमा न्यूनिकरण गरी स्वदेशमा रमाउने वातावरण सिर्जना गरी राष्ट्र निमाणमा प्रमुख भुमिका निर्वाह गर्न सक्ने हुँदा कृषि क्रान्मिा कफिले अहम् भुमिका निर्वाह गर्नेछ ।

जय कफी